नेपाल सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

PRESS RELEASE

(मिडिया डेस्क)

बबरमहल, काठमाण्डौ

मिति: २०७७/११/२८ गते।

## भारतको नयाँ दिल्ली स्थित जि.बी. रोडमा बेश्यालय (कोठी) संचालन गर्ने महिला पक्राउ।

मानव बेचबिखन अपराधमा संलग्न रही फरार रहेकी जिल्ला नुवाकोट साविक गाउँखर्क गा.वि.स.८ हाल दुप्चेश्वर नगरपालीका वडा नं २ घरभई भारतको नयाँ दिल्ली स्थित जि.बी. रोड ५६ नं.गल्लीमा कोठी संचालन गरी बस्ने बर्ष ६२ की (चमेली) सिता तामाङ भन्ने रुकमाया तामाङलाई मिति २०७७।११।२३ गते यस मानव वेचबिखन अनुसन्धान व्युरोबाट खटि गएको प्रहरी टोलीले जिल्ला प्रहरी कार्यालय नुवाकोटको सहयोगमा विदुर नगरपालीका बाट पक्राउ गरी सम्मानित जिल्ला अदालत काठमाण्डौ बाट दिन ७ को म्याद लिई थप अनुसन्धान कार्य जारी राखीएको।

जाहेरवाली परिवर्तित नाम बबरमहल ५८ लाई (चमेली) सिता तामाङ भन्ने रुकमाया तामाङको सहयोगीले चितवनमा चिनजानको मानिसको घरमा काम लगाइ दिन्छु भनि काठमाण्डौको कलंकीबाट बसमा चढाई साथमा लैजाने क्रममा पानीमा बेहोस हुने औषधी मिलाई जाहेरवालीलाई खुवाई वेहोश बनाए पश्चात भारतको नयाँदिल्ली स्थित मजनुका टिला,जि.बी. रोड ५६ नं.गल्लीमा (चमेली) सिता तामाङ भन्ने रुकमाया तामाङले संचालन गरेको कोठीमा लगि बिक्री गरेकोमा (चमेलि)सिता तामाङ भन्ने रुकमाया तामाङले जाहेरवालीलाई बन्धक बनाई राखी जबरजस्ती बेश्यावृतिमा लगाएको भन्ने बबरमहल ५८ को मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी जाहेरीको आधारमा निज प्रतिवादी सिता तामाङ भन्ने रुकमाया तामाङलाई यस कार्यालयबाट पक्राउ गरिएको।

यस सम्बन्धमा वारदातमा संलग्न रहेका अन्य प्रतिवादीहरुको खोजतलास गर्ने लगाएतको थप अनुसन्धान कार्य जारी रहेको।

**पक्राउ अभियुक्तको विवरण :-**

१. जिल्ला नुवाकोट साविक गाउँखर्क गा.वि.स.८ हाल दुप्चेश्वर नगरपालीका वडा नं २ घरभई भारतको नयाँ दिल्ली स्थित जि.बी. रोड ५६ नं.गल्लीमा कोठी संचालन गरी बस्ने बर्ष ६२ की (चमेली) सिता तामाङ भन्ने रुकमाया तामाङ।

**कानुनी प्रावधान:-**

२. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अनुसार अनुसन्धान कारवाही हुने।

**थप जानकारीको लागी**

३. प्रवक्ता / सूचना अधिकारी : प्र.ना.उ. ढुण्डीराज नेउपाने (९८५१२८१२१०)

मिति:- २०७७/११/२८ गते।